# जापानको भिसा र जीवन योजना

## ～ढुक्कले जापानमा जीवनयापन गर्नको लागी～



2021 साल जुन महिना 26 तारिक

**खानागावा प्रिफेक्चर प्रशासनिक अधिवक्ता संघ अन्तराष्ट्रिय विभाग**

**विदेशी बालबालिकाको 「भिसा & क्यारियर」 सहयोग समूह (कोदोमो भिसा सापो)**

**प्रशासनिक अधिवक्ता इवासाकी युको**



# (ग्योउसेइ स्योसि) प्रशासनिक अधिवक्ता भनेको कस्तो काम गर्ने व्यक्ति हो?

ग्योउसेइ (प्रशासन) ： वडा कार्यालय, नगरपालीका, अध्यागमन, प्रहरी कार्यलय आदिमा,

स्योसि (लेखन्दास) ： कम्पनी या व्यक्तिको अनुरोधमा, कागजात बनाई, प्रतिनिधित्व गरेर आवेदन दिने विज्ञ हुन्।

- वकिल→मुद्दा
- कर लेखापाल→कर



# भिसाको नियम

## 「गतिविधि」 को भिसा

❸

**विधार्थी**

**डिपेन्डेन्ट**

(वर्क पर्मिट) भिसा बाहेकको गतिविधि गर्ने अनुमति पत्र प्राप्त भएमा, हप्तामा २८ घण्टासम्म काम गर्न सकिन्छ।

तोकुतेइ खाचुदोउ
विशिष्ट गतिविधि
※तोकेको पत्र

❶

सञ्चालक • व्यवस्थापक (व्यवसायी)
इन्जीनियर • मानविकी ज्ञान • तथा अन्तराष्ट्रिय सेवा
कौशल (विदेशी खानाको कुक)
विशिष्ट कौशल
नर्सिङ(केएर गिभर)

काम गर्न सकिँदैन

काम गर्न सकिन्छ


「गतिविधि」 अथवा 「परिचय」 परिवर्तन भएमा, भिसा परिवर्तन हुन्छ।

स्थायी निवासी (एइज्युस्या)
जापानी नागरिक श्रीमान या श्रीमती आदि
लामो समय बसोबास अनुमति (तेइज्युस्या)
स्थायी निवासीको श्रीमान या श्रीमती आदि

❷

## 「परिचय」 को भिसा

# खानागावा प्रिफेक्चरमा बस्ने नेपाली 2010 साल～ लगभग 6 गुणा UP




१७३ देश २२८, २७५ जना नेपाली ७,३४४ जना (छैठौं श्रेणी)

( योकोहामा सहर ४, १४८ जना, योकोसुका सहर २३४ जना)

# नेपालीहरूमा प्राय हुने भिसाको प्रकार (जापान भर)


जापानमा बस्ने नेपालीको संख्या, ９５，３６７ **जना**

कुन प्रकारको भिसा धैरै होला?

❶ डिपेन्डेन्ट भिसा ３０，５３３ 人（３２%）
❷ विद्‍यार्थी भिसा ２４，８２１ 人（２６%）
❸ इन्जीनियर・मानविकी ज्ञान・तथा अन्तराष्ट्रिय सेवा １４，９２４ 人（１６%）
❹ कौशल भिसा １２，５１５ 人（１３%）

(❶–❹) ８７%

❺ स्थायी निवासी ５，０３３ 人 （５%）
❻ विशिष्ट गतिविधि, अन्य ２，４６５ 人 （３%）
❼ सञ्चालक・व्यवस्थापक １，６１５ 人
❽ लामो समय बसोबास अनुमति ８８５ 人
❾ नर्सिङ केएर １１２ 人
❿ विशिष्ट कौशल नम्बर１ ４９ 人



आप्रवास निवासी नियन्त्रण विभाग निवासी विदेशी तथ्यांक 2020 साल जुन अन्तिमको डाटा

# जीवन योजना र भिसा

## जीवन योजना

• विवाह गर्न • परिवारलाई ल्याउन • काम गर्न • बच्चा जन्माउन चाहन्छु

• बच्चाको पढाई • रोजगारी • व्यवसाय ठूलो गर्न • घर किन्न चाहन्छु



**＋ घटनाहरु घट्ने गर्छन्**

• छोडपत्र • बिरामी • व्यवसाय डुब्नु • कामबाट निकाला • देश फर्किनु



**「गतिविधि」 • 「परिचय」, परिवर्तन भएमा, भिसाको प्रकार पनि परिवर्तन गर्नुपर्छ !**




**भिसा भनेको जापानमा जीवनयापन गर्ने बेस (आधार)**

ढुक्कले जीवनयापन गर्नको लागी,

भिसाको बारेमा सहि तरिकाले बुझौं !



# नेपालीहरूमा धेरै हुने भिसाको प्रकार　1

| | |
|---|---|
| ❶ **डिपेन्डेन्ट भिसा** | 「सञ्चालक • व्यवस्थापक」 • 「कौशल」 • 「इन्जीनियर • मानविकी ज्ञान • तथा अन्तराष्ट्रिय सेवा」 आदि समूह ❶ 「गतिविधि」 को भिसा भएको व्यक्तिले पालनपोषण गर्ने 「श्रीमान अथवा श्रीमती • बच्चा」 को दैनिक रूपको 「गतिविधि」<br>※नियम अनुसार, आय-आर्जन गर्न अनुमति छैन। 「वर्क पर्मिट (सिखाकुगाइ-खाचुदो क्योखा)」 पाएमा, हप्ताको 28 घण्टासम्म काम गर्न सकिन्छ।<br>※ 「डिपेन्डेन्ट भिसा」 को बच्चा, 「प्रशिक्षार्थी भिसा」 को बच्चा आदिले, 「डिपेन्डेन्ट」 को भिसा पाउदैन।<br>※ 「गतिविधि」 को भिसा भएको व्यक्ति देश फर्किँदा, बिरामी हुँदा, छोडपत्र भएको खण्डमा, श्रीमान-श्रीमती या बच्चाको पनि भिसा सकिन्छ। |
| ❷ **विद्यार्थी** | जापानको विद्यालय (प्राथमिक • निम्न माध्यमिक • माध्यमिक • उच्च माध्यमिक • जापानी भाषा स्कूल • कलेज (सेनमोन गाक्को) • 2-बर्षे क्यामपस् (तान्दाइ) • ब्याचलर्स शिक्षा • मास्टर्स शिक्षा) मा अध्ययन गर्ने 「गतिविधि」<br>※स्नातकपछि जापानमा गर्नको लागी, समूह ❶ को भिसामा परिवर्तन गर्ने।<br>※निर्धारित समयको विद्यालय • दुर शिक्षा प्रणालीको विद्यालय हो भने, 「विद्यार्थी भिसा」 प्राप्त गर्न सकिँदैन। |

# नेपालीहरूमा धेरै हुने भिसाको प्रकार 2

| | |
|---|---|
| **❸ इन्जीनियर • मानविकी ज्ञान • तथा अन्तराष्ट्रिय सेवा**<br><br>सामान्य कामलाई मान्यता दिइँदैन | जापानमा भएको कम्पनीसँग कन्ट्राक्ट गरेर,<br>1. विशेष प्रविधि वा ज्ञान चाहिने काम<br>2. विदेशीसँग हुने विशेष भावनात्मकता जरुरी हुने काम<br>} गर्ने「गतिविधि」<br>उदाहरण : सिस्टम इन्जिनियर, डिजाइन, कानुनी काम, लेखा, मार्केटिङ, अनुवाद, दोभासे आदि<br>शैक्षिक क्षमता • विश्वविद्यालय, 2 वर्षे क्याम्पस, कलेज स्नातक (विदेशको विश्वविद्यालय • 2वर्षे क्याम्पस पनि OK)<br>कामको अनुभव • 10 वर्ष बढीको काम गरेको अनुभव हुनुपर्ने<br>※अन्तराष्ट्रिय व्यवसायको लागी, 3 वर्ष बढि、काम अनुभव हुनुपर्ने<br>(अनुवाद, दोभासे, भाषाको प्रशिक्षक, प्रचार, विज्ञापन, अन्तराष्ट्रिय व्यापार, डिजाइनर, उत्पादन विकास आदि) |

| | |
|---|---|
| **❹ कौशल (गिनोउ)** | पोख्त कौशल (विदेशी खानाको कुक, पाइलट, खेलकुद प्रशिक्षण) गर्ने「गतिविधि」<br>कुकको, आफ्नो देशमा 10 वर्ष बढीको कामको अनुभव हुनुपर्ने<br>※आफ्नो देशमा कुकको अनुभव नभएका बच्चाहरू खाना बनाउन शिपालु भएपनि「कौशल (गिनोउ)」को भिसा पाउँदैनन्। जापानको कुकिङको कलेज (सेनमोन गाक्को) मा पढ्ने इच्छा भएमा, स्नातकपछि, कुकिङको काम गर्न सकिने 「भिसा」हो कि होइन, जानकारी लिइ राख्ने। |

# नेपालीहरूमा धेरै हुने भिसाको प्रकार 3

| | |
|---|---|
| **❺ स्थायी निवासी (एइज्यु)**<br><br>2019 साल मे महिना बाट कडा भयो | 「गतिविधिको प्रकृति」 या 「अवधि」 स्वतन्त्र।<br>• अनिवार्य रूपले 10 वर्ष बढि बसोबास गर्दै आएको • भिसा अवधि 3 वर्ष • 5 वर्ष हुनुपर्ने।<br>• कर • स्वास्थ्य बिमा • पेन्सन राम्रोगरी तिरेको（2 वर्षको ढिलो नगरि तिरेको ）<br>• कानुनको पालना गरेको। आय • जीवन-यापन विधिमा स्थिरता भएको आदि।<br>※प्रथमतः आफ्नो 「स्वास्थ्य बिमा • पेन्सन」 को स्थिति बुझ्ने।<br>※परिवार, १० वर्ष जापानमा नभएपनि, सँगै आवेदन गर्न सकिने अवस्था पनि हुन्छ।<br>※डिपेन्डेन्ट भिसामा भएको ब्यक्तिको कामको (आरुबाइतो) आय, सम्बन्धित घरको आयभित्र पर्दैन।<br>※नियमभन्दा बढि पार्ट-टाइम काम（हप्तामा 28 घण्टा）लाई, कडा रूपले छानबिन हुन्छ। |
| **❻ विशिष्ट गतिविधि** | 50 प्रकार जतिका छन्, विशेष रूपमा मान्यता प्राप्त 「गतिविधि」। अवस्था अनुरूप<br>※पासपोर्टको भित्र, गतिविधिको बारेमा लेखिएको 「तोकेको पत्र」 हुन्छ।<br>उदाहरण • शरणार्थी मान्यताको आवेदन गरिराखेको व्यक्ति • कोरोनाको कारण स्वदेश फर्किन नसकेको व्यक्ति • रोजगार खोजिराखेको व्यक्ति • वृद्ध बुवा-आमालाई ल्याउदा<br>• 「डिपिन्डेन्ट भिसा」 भएको बच्चाले जापानको उच्च माध्यमिक विद्यालयको स्नातकपछि, कर्मचारीको रूपमा काम गरेमा（निम्न माध्यमिक विद्यालय • उच्च माध्यमिक विद्यालयको समयमा जापान आएको） |

# नेपालीहरूमा धैरै हुने भिसाको प्रकार 4

| | |
|---|---|
| ❼ सञ्चालक • व्यवस्थापक | जापानमा कम्पनी दर्ता गरि, व्यापार गर्ने「गतिविधि」<br>उदाहरण : रेष्टुरेन्ट व्यवस्थापन, हलाल-फूड • आयात-निर्यात व्यवसायको व्यवस्थापन<br>५० लाख जापानी एन बढि पूँजीको जरुरत हुन्छ<br>※कर तिर्नुपर्ने। कम्पनीको कर, व्यक्तिगत कर, (आय-कर • निवास-कर)<br><u>※कम्पनीको कम्पनी बिमा (स्वास्थ्य बिमा • पेन्सन) गरेको हुनुपर्छ।</u><br>※कम्पनीको व्यवस्थापन (बिक्री, नाफा) को स्थिति नराम्रो भएमा, लामो समयको भिसा प्राप्त गर्न सकिँदैन।<br>※「कारण पत्र」「व्यवसाय योजना」बनाउँदा राम्रो। |
| ❽ **लामो समय** बसोबास अनुमति (तेइज्युस्या) | जापानसँग प्रगाढ सम्बन्ध भएको व्यक्तिको श्रीमान या श्रीमती • बच्चा<br>❷ को समूहको व्यक्तिको नाबालक र अविवाहित बच्चा<br><u>※「डिपेन्डेन्ट भिसा」को बच्चाले जापानको उच्च माध्यमिक विद्यालय स्नातकपछि, कर्मचारीको रुपमा रोजगारी गर्दा</u> (प्राथमिक विद्यालयको समयमा जापान आएको)<br>※「लामो समय बसोबास अनुमति」ले काम पनि स्वतन्त्र रुपमा गर्न पाउछ। काम परिवर्तन पनि स्वतन्त्र रुपले गर्न सक्छ। |

# नेपालीहरूको परिवारको भिसा र जीवन योजना

बुवा : 「कौशल（3वर्ष）」


9 वर्ष अगाडि

जापान आएको

आमा : 「डिपेन्डेन्ट（3वर्ष）」

4 वर्ष अगाडि,

जापान आएको




बच्चा : 「डिपेन्डेन्ट（3वर्ष）」

4 वर्ष अगाडि, निम्न माध्यमिक विद्यालयको प्रथम वर्षमा हुँदा, जापान आएको। अहिले उच्च माध्यमिक विद्यालयको प्रथम वर्ष

शिशु



आफन्त दाजुभाइ-दिदी-बहिनी : 「विद्यार्थी」



कलेज (सेनमोन गाक्को) विद्यार्थी

नेपालमा उच्च माध्यमिक विद्यालयको स्नातकपछि जापान आएको। बिजनेश कलेजको विद्यार्थी

**प्र.1　अर्को रेष्टुरेन्टमा「काम परिवर्तन」गर्न चाहन्छु।**

**बुवा**



उ.1　करी बनाउने रेष्टुरेन्ट हो भने, भिसाको प्रकार परिवर्तन हुँदैन। अध्यागमन विभाग (न्यूखान) लाई「कम्पनी परिवर्तन गरे」भनेर जानकारी दिने। 「कन्ट्र्याक्ट कम्पनी जानकारी पत्र (NOTIFICATION OF THE CONTRACTING ORGANIZATION)」मा, छोडेको कम्पनी र, नँया कम्पनीको ठेगाना, नाम, परिवर्तन मिति लेख्ने। अर्को भिसा लम्बाउने प्रक्रियाको समयमा, नँया कम्पनीको कागतपत्रपनि हालेर भिसा लम्ब्याउने आवेदन दिने।

**प्र.2　नेपालको आमालाई ल्याएर, सँगै बस्न चाहन्छु।**


उ.2　बुवा-आमालाई जापान ल्याएर, सँगै जीवन-यापन गर्ने सकिने भिसा छैन।
तर, नेपालमा स्याहार-सुसार गर्ने परिवार नभएको, बुवा या आमाको उमेर 75 वर्ष माथि आदि भएमा, प्रथमतः「छोटो अवधि बसाई भिसा (तान्की ताइजाई)」मा जापान ल्याई 「विशेष गतिविधि」भिसाको आवेदन दिन सकिन्छ।

**प्र.3　छिटो「स्थायी निवास (ऐइज्यू)」चाहन्छु। घर किन्न चाहन्छु।**

उ.3　स्थायी निवासीको आवेदन, धेरै कडा भएको छ। प्रथमतः, कम्पनी बिमा (स्याखाइ होकेन・पेन्सन) को बारेमा, आफ्नो कुन प्रकारको बिमामा छ, राम्रोसँग बिमा तिरिएको छ, छैन बुझ्ने।
परिवारको धेरै सदस्यलाई फुयोउ-खाजोकुमा (पालनपोषण गर्नुपर्ने सदस्य) राखेको छ भने, निवासी करमा ध्यान दिनुपर्छ। कर तिर्न नपर्ने (हिखाजेइ) धेरै जना भएमा स्थिर जीवन छ भनेर मान्दैन।


# कम्पनी बिमा (स्वास्थ्य बिमा)

सबैले बिमा शुल्क तिर्नुपर्छ। चोटपटक या बिरामी भएमा,
आफूले तिर्नुपर्ने पैसा कम हुन्छ (३०% तिर्ने)।




• कम्पनीको स्वास्थ्य बिमा

१ हप्तामा २० घण्टा बढि, काम गरिरहेको व्यक्ति आदिले कम्पनीको स्वास्थ्य बिमा गर्नुपर्छ।
परिवारपनि स्वास्थ्य बिमामा पस्न सकिन्छ।
हरेक महिनाको बिमा शुल्क कम्पनीले आधा तिर्छ।




• नागरिक स्वास्थ्य बिमा

कम्पनीको स्वास्थ्य बिमा दर्ता नगरेको व्यक्ति, ३ महिनाभन्दा लामो जापानमा बस्दै आएको व्यक्तिले दर्ता गर्नुपर्छ। आफ्नो बस्ने ठाउँको सरकारी कार्यालयमा (सियाकुस्यो) आवेदन दिन सकिन्छ। परिवारको सदस्यको संख्या या आय अनुसार, बिमा शुल्क निर्धारित हुन्छ।


# कम्पनी बिमा (पेन्सन)

पेन्सन भनेको, सबैबाट पैसा जम्मा गरेर ① वृद्ध ② रोग या चोटपटकले शरीर आदिमा अपाङ्गता भएका ③ पेन्सन तिरिराखेको व्यक्तिको मृत्यु भएमा परिवारलाई सहयोग गर्ने प्रणाली हो।

पेन्सन किताब

सुन्ताला रँग or निलो






**आमा**

**प्र.4　बच्चा हुर्केकोले, 「फूल-टाइम जागिरे (सेइस्याइन)」हुन चाहन्छु।**

उ.4　「 फूल-टाइम जागिरे (सेइस्याइन) 」हुनको लागी (हप्ताको 28 घण्टा बढि काम) गर्नको लागी, 「गतिविधि」को भिसामा परिवर्तन गर्न सकिन्छ, सकिन्न विचार गरौं। जस्तै,





• नेपालमा विश्वविद्यालय • कलेज स्नातक गरेमा
• नेपालमा 3 वर्ष बढीको अन्तराष्ट्रिय व्यवसाय (आयात-निर्यात गर्ने कम्पनी आदि) को काम अनुभव भएमा

र, अध्ययन गरेको विषय या अनुभव भएको काम जस्तै काम भेट्न सकेमा, 「इन्जीनियर मानवीकि ज्ञान • अन्तराष्ट्रिय सेवा」को भिसामा परिवर्तनको आवेदन गर्न सकिन्छ।

**प्र.5　नेपालमा नर्सको काम गरेको थिएँ। वृद्ध गृहमा (एलडर्ली होम) काम गर्न चाहन्छु।**

उ.5　हप्ताको 28 घण्टा बढि, नर्सिङको काम गर्न, 「विशिष्ट कौशल नम्बर1」वा 「नर्सिङ केयर」को भिसामा परिवर्तन गर्ने। विशिष्ट कौशल नम्बर1 कौशल परिक्षा (①नर्सिङ कौशल मूल्यांकन परीक्षा) जापानी भाषामा परीक्षा (② जापानी भाषा क्षमता परीक्षा N4 बढि ③ नर्सिङ सम्बन्धी जापानी भाषा मूल्यांकन परीक्षा) मा उत्तीर्ण हुनुपर्छ।

「नर्सिङ」को लागी नर्सिङ कल्याण परीक्षा (राष्ट्रिय परीक्षा) मा उत्तीर्ण हुनुपर्छ।

※【नोट】विशिष्ट कौशल नम्बर1 भनेको, 5 वर्षसम्म (लम्बाउन नसकिने) भिसा हो।

**बच्चा**



प्र.6 निर्धारित समय प्रणालीको उच्च माध्यमिक विद्यालय स्नातकपछि काम गर्न चाहन्छु।

उ.6「डिपेन्डेन्ट」भिसा भएको व्यक्तिले,「वर्क पर्मिट」प्राप्त गरेमा, हप्ताको 28 घण्टासम्म काम गर्न अनुमति पाउँछ। तर, त्यसो गरेमा, सधैँ पार्ट-टाइम काममा सीमित भइन्छ। फूल-टाइम वर्कर हुन सकिन्न। अभिभावकबाट छुटेर बस्ने अनुमति पनि छैन।

**【बच्चाहरूको लागी राम्रो खबर】** २०२०साल मार्च महिनामा, अध्यागमन बिभागको नियम परिवर्तन भयो।

※ １７वर्ष भित्रमा जापान आएर, "जापान" को उच्च माध्यमिक बिद्यालय "स्नातक" गरि, जागिर पाएमा, भिसाको प्रकार「लामो अवधिको बसाई (तेइज्युस्या)」वा「विशिष्ट गतिविधि」मा परिवर्तनको लागी आवेदन दिन सकिन्छ।

त्यसो गरेमा, हप्ताको 28 घण्टाभन्दा बढि काम गर्न पाइन्छ। यसमा निर्धारित समय प्रणालीको विद्यालय पनि पर्दछ।

Q7 बुवाको जस्तै कुक काम गर्न सकिन्छ?

A7 सकिन्छ। उ.6 मा उल्लेख गरिए जस्तै, भिसाको प्रकार परिवर्तन गर्न सकेमा, कुक काम गर्न सकिन्छ। （कन्भिनेन्स् स्टोर, फ्यामिलि रेष्टुरेन्ट, कारखानाको काम पनि गर्न सकिन्छ।）

र,「डिपेन्डेन्ट」मा भएपनि, कलेजमा अध्ययन गर्न पनि सकिन्छ। अनि पढाइ सकेपछि जागिर पाएमा, भिसा परिवर्तनको आवेदन पनि गर्न सकिन्छ।

आफन्त दाजुभाइ



प्र.८　कलेजको पढाई सकेपछि, काम गर्न चाहन्छु।

उ.८　बिजनेस सम्बन्धी कलेजमा पढेकोले, पढाइसँग सम्बन्धित काम हुनु पर्दछ। 「इन्जीनियर मानवीकि ज्ञान・अन्तराष्ट्रिय सेवा」भिसामा परिवर्तन गर्ने हो भने, कलेजमा, अध्ययन गरेको विषयसँग सम्बन्ध भएको काम खोज्नुपर्ने हुन्छ।

※तर, नेपालमा विश्वविद्यालय・कलेज स्नातक गरेको व्यक्तिको, 「इन्जीनियर मानवीकि ज्ञान・अन्तराष्ट्रिय सेवा」को लागी आवश्यक शैक्षिक पृष्ठभूमि पूरा हुन पर्छ।

※कामको प्रकृति, कलेजमा अध्ययन गरेको विषयसँग सम्बन्ध नभएको काम भएपनि हुन्छ।

प्र.९　विशिष्ट शीप श्रेणी1मा भिसा परिवर्तन गरेको साथी छ। यो भिसाले सधैँ जापानमा काम गर्न पाइन्छ?

उ.९　कलेज (सेनमोन गाक्को) सकेका विद्यार्थीमा, २０１９ सालमा JASSO ले गरेको सर्वेक्षण अनुसार, जापानमा फूल-टाइम रोजगारी गर्ने ３９.２%（１１,８８９人）, पुन: विद्यार्थी हुने३２.６%（９,８９０人）छन्। फूल-टाइम जागिर गर्ने कम छन्।

२０１९ साल अप्रिल महिनाबाट, श्रमको कमी भएको １４ उद्योगमा, विदेशको श्रम शक्ति ल्याउनको लागी, 「विशिष्ट कौशल」भन्ने भिसा बन्यो। जापानी भाषा स्कूल・कलेजको (सेनमोन गाक्को) विद्यार्थीले पनि, जापानको विशिष्ट कौशलको जाँच दिएर, भिसाको प्रकार परिवर्तन गर्ने व्यक्ति पनि छन्।

※【पुनश्चः】विशिष्ट कौशल नम्बर १ भनेको, ५ वर्षसम्मको（त्यसपछी थप्न नसकिने）भिसा हो।

## शिशु



**प्र.１０　जापानमा जन्मेको। जापानमा जीवनयापन गर्न चाहन्छु।**

उ.１０　अस्पतालमा जन्मेको प्रमाणपत्र लिनुहोस्।

①वडा कार्यालय　②अध्यागमन विभाग　③राजदूतावास मा गर्नुपर्ने प्रक्रियाहरू गर्ने।

① 14 दिनभित्र मा जन्म-दर्ता गर्ने।　【सहर कार्यालय • वडा कार्यालय】

निवास प्रमाणपत्र बनेपछि, निवासी सुविधा : बिमा • खोप, वाल अनुदान आदि प्राप्त गर्न सकिन्छ।


※６０दिन भित्र भिसा नपाएमा, निवास प्रमाणपत्र रद्द हुन्छ।

② शिशुको भिसाको लागी 「अध्यागमन विभाग」 मा ３０ दिन भित्र आवेदन दिने।

- जन्म-दर्ता गराएको प्रमाणपत्र
- अभिभावक प्रश्नावली, शिशुको पासपोर्ट (पासपोर्ट नभएमा कारण-पत्र)
- अभिभावकको निवास करको विवरण र तिरेको प्रमाणपत्र, ग्यारेन्टि लेटर आदि

③ शिशुको राष्ट्रियता【राजदूतावास • कन्सुलर】 「कहिलेसम्म • के गर्ने」 हरेक देशको नियम हुन्छ।

- नेपाली आमा • नेपाली बुवा → शिशु नेपाली राष्ट्रियता (बुवाको राष्ट्रियता निरन्तर हुने नियम)
- जापानमा भएको नेपाली राजदूतावासमा पासपोर्टको आवेदन गर्ने। नेपालमा जन्म-दर्ता गर्ने।




# बच्चाको जीवन योजना चार्ट

बच्चाको लागी विभिन्न बाटोहरू हुन्छन्।

सकेसम्म छिटो, बिचार गर्नुहोस्।

- जापानको उच्च माध्यमिक विद्यालयमा जान सक्छ, सक्दैन।
- उच्च माध्यमिक विद्यालय स्नातक गरेपछि रोजगारी・विश्वविद्यालय・कलेज जाने
- कस्तो विषयको अध्ययन・काम गर्न चाहन्छन्
- अभिभावकले भविष्यमा के गर्न चाहन्छन्



# अन्त्यमा（सुझाव）

① दिगो किसिमको भिसा ！～Sustainable Status of Residence～

- परिवारको जीवन योजनाको बारेमा बिचार गर्नुहोस्  र, भिसा के हुन्छ, के गर्दा राम्रो हुन्छ, बिचार गर्नुहोस्।
- 「बच्चा」को भिसाको बारेमा, छिटो सर-सल्लाह गर्नुहोस्।
- अध्यागमन विभागले कागतपत्र हेरेर निर्णय गर्छ। केही समस्या भएमा कारण लेख्ने, व्याख्या गर्न जरुरी हुन्छ। कर या बिमा तिर्न बाँकी・बक्यौता नहुने गरि ध्यान दिनुहोस्।
- अध्यागमन विभागमा बुझाएको कागतपत्रको फोटोकपी (नक्कल) आफूसँग राख्दा राम्रो हुन्छ।

② 「स्थायी बसाई (एइज्यु)」को लागी, तयारी महत्वपूर्ण हुन्छ।

- सबैभन्दा पहिले, कर भुक्तानी या कम्पनी बिमा（बिमा・पेन्सन）को अवस्था जाँच गर्नुहोस्।

③सल्लाह लिन सकिने व्यक्ति・सम्बन्धहरू बढाउनुहोस्।。

- खानागावा प्रिफेक्चर प्रशासनिक अधिवक्ता संघ, 5 भाषामा निःशुल्क फोन मार्फतको परामर्श सेवा उपलब्ध छ।

  हप्तामा 3 पटक, सोम・बुध・शुक्रको दिउसो हुन्छ। अवश्य प्रयोग गर्नुहोला।

